श्री हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

# झनझने, सिन्धुली

३ नं. प्रदेश, नेपाल

प.स.- २०७४।०७५

मिति:२०७५।०२।२२

च.न.- ६१८

विषयः <u>आ.व.२०७५/०७६ को योजना छनौट तथा बजेटको सिमा तथा मार्गदर्शन सम्वन्धमा ।</u>

श्री सवै वडा कार्यालय,

हरिहरपुरगढी गाउँपालिका, सिन्धुली ।

उपर्युक्त विषयमा यस हरिहरपुरगढी गाउँपालिकाको श्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समितिको मिति २०७५।०२।१८ तथा मिति २०७५।०२।१९ मा वसेको कार्यपालिकाको वैठकको निर्णय अनुसार आगामी आ.व.२०७५/०७६ मा सञ्चालन हुने योजनाहरुको छनौट गर्ने बजेटको सीमा रु.६०,०००००।- (साठी लाख रुपैयाँ मात्र) निर्धारण भएकोले सवै वडाहरुले सोही अनुसार गर्नु गराउन तथा वस्ती/वडा तहका योजनाहरुको "स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ परिमार्जित" (पत्रसाथ संलग्न फारमहरु) र योजना छनौट मार्गदर्शन अनुसार योजना छनौट गरी १० दिन भित्र पेश गर्नुहुन अनुरोध छ ।

**मार्गदर्शन**

१. योजना छनौट स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार गर्नुपर्नेछ ।

२. योजना छनौट कम्तिमा ५ लाख भन्दा धेरैको हुनु पर्नेछ ।

३. योजना छनौट गर्दा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सीमा निर्धारण गरेको कुल बजेटको कम्तिमा १० प्रतिशत छुटाउनु पर्नेछ ।

४. योजना छनौट गर्दा तलब, भत्ता, अनुदान, राहत, सहयोग जस्ता वितरणत्मक कार्यक्रम र खरिद कार्यक्रम बजेट विनियोजन गर्न नहुने ।

५. अधुरो योजनाहरुलाई समपन्न गर्न प्राथमिकतामा राख्ने ।

**संलग्न कागजातहरु:**

१. वस्ती तहका योजना छनौट गर्ने तरिका

२. वडातहमा योजनाको छनौट तथा प्राथमिकिकरण

३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

४. अनुसूची-३ अनुसार आयोजना प्राथमिकिकरणका आधारहरुको फारम

५. अनुसूची-४ (क)अनुसार निर्धारित वडागत बजेट सिमा भित्रका आयोजनाको फारम

..................

गोपाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत